# कोल्हवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं. : १८

मिति :२०८२।०४।०२ गते

ईन्जिनियर श्री गणेश प्रसाद चौधरी,
(शहरी तथा भौतिक पूर्वाधार विकास शाखा)
कोल्हवी नगरपालिकाको कार्यालय, बारा ।

**विषय : अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रथम संशोधन २०७५।११।१९ (केही नेपाल संशोधन गर्ने ऐन, २०७५) दफा ८४ को उपदफा (५) तथा कोल्हवी नगरपालिकाको कार्य सम्पादन नियमावली, २०८२ को दफा २० समेतमा अन्य सम्बन्धित नेपाल कानूनले दिएको अधिकार प्रयोग गरी म मा निहीत देहाय बमोजिमका अधिकारहरू तपाईलाई प्रत्यायोजन गरेको छु । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानूनको अधिमा रही प्रत्यायोजित अधिकारहरूको प्रयोग गरी सेवा प्रवाहलाई अझै चुस्त दुरुस्त र प्रभावकारी बनाउनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

..................
पितानाथ लुईंटेल
प्रमुख प्रशासकीय अधिकृत

**देहाय**
**प्रत्यायोजित अधिकारहरू**

१. नगरको पूर्वाधार र सार्वजनिक निर्माण तर्फको र अन्य प्राविधिक कार्यहरूको शुरुको लागत अनुमान संसोधन गर्ने, भेरियसन आदेश गर्ने अधिकार प्रत्यायोजन नहुने, शुरुको लाग अनुमान अनिवार्य रुपमा स्वीकृत गराउनु पर्ने तर त्यस पछिका प्रकृयाहरू स्थलगत निगरानीमा काम गराउने, रिपरोर्ट बनाउने, स्थलगत तथ्यगत विवरण तयार गर्ने, अनुगमन गर्ने र अन्तिम विलको तयार गरी स्वीकृत गर्ने अधिकार प्रत्यायोजन गरेको छु ।

२. वडा अन्तर्गतका प्राविधिक कर्मचारीहरूलाई आफु मातहतमा राखि एवं योजना, भौतिक पूर्वाधार विकास शाखामा रहेका सम्पूर्ण प्राविधिक कर्मचारीहरूलाई नगरको आवश्यक्ता अनुसार खटनपटन गर्न लगाई सोको जानकारी अनिवार्य रुपमा दिनु हुन ।

३. भुक्तानीको लागि योजना, अनुगमन तथा मूल्याङ्कन उपशाखामा पठाउनुपर्ने अनिवार्य रुपमा प्राविधिक प्रतिवेदन, योजना/निर्माणको विभिन्न चरणको रंगीन तस्वीर; अनुगमन समितिको अनुगमन गरेको विवरण खुलेको प्रतिवेदन ; उपभोक्ता समितिको कवुलियतनामा अनिवार्य रुपमा गराई कार्य गर्नुहुन ।

४. प्रमुख प्रशासकीय अधिकृतको तोक आदेश तथा निर्देश बमोजिम अन्य कार्यहरू गर्ने ।

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।
श्री नगर प्रमुखज्यू, कोल्हवी नगरपालिका, बारा ।
श्री नगर उपप्रमुखज्यू, कोल्हवी नगरपालिका, बारा ।
श्री शाखा/उपशाखाहरू (सबै), कोल्हवी नगर कार्यापालिकाको कार्यालय, बारा ।
श्री वडा कार्यालयहरू (सबै), कोल्हवी नगरपालिका, बारा ।

"आधुनिक कृषि, पर्यटन र औद्योगिक ग्रामको स्थापना, समुन्नत कोल्हवी हाम्रो चाहना" फोन नं. ०५३-४१०११४, ४१०११५
सन्देस सुचना वोर्ड नं. १६१८०५३४१०११५, इमेल kolhvinagar2071@gmail.com, वेवसाइट : www.kolhabimun.gov.np

CamScanner